चुनौतिको सामना गर्न सरकारी निजि तथा सहकारी क्षेत्रको लगानीलाई कृषिको व्यवसायीकरणमा आकर्षित गर्नको लागि देहाय बमोजिमका विभिन्न कार्यक्रमहरु संचालन गरिने छन ।

- ❖ बालि विशेषका उत्पादन क्षेत्र घोषण गर्ने
- ❖ कृषक समुह तथा सहकारी परिचालनका कार्यक्रम संचालन गर्ने
- ❖ साना कृषिउपज प्रसोधन उद्योगहरुको स्थापना तथा संचालन गर्ने
- ❖ राष्ट्रिय फल सुन्तला प्रवर्द्धन कार्यक्रम संचालन गर्ने
- ❖ गुरु किसान छनौट तथा नमुना फर्म स्थापना कार्यक्रम संचालन गर्ने
- ❖ वालि उत्पादन र प्रवर्द्धन विशेष कार्यक्रम संचालन गर्ने
- ❖ प्रमुख राजमार्गहरुलाई कृषिको व्यवसायीकरणमा गतिशिल मार्गको रुपमा विकास गर्दै लिने
- ❖ स्थानीय तह र महानगर साँझेदारी कार्यक्रम संचालन गर्ने
- ❖ साना सिंचाइ पूर्वाधार विकासका कार्यक्रमहरु लागु गर्ने
- ❖ स्रोत केन्द्रहरुको स्थापना, विस्तार र सुदृढीकरण कार्यक्रम संचालन गर्ने
- ❖ प्रांगारिक खेति प्रवर्द्धन कार्यक्रम संचालन गर्ने
- ❖ असल पशुपालन अभ्यास कार्यक्रम संचालन गर्ने
- ❖ समुदायमा आधारित विउ उत्पादन र प्रवर्द्धन कार्यक्रम संचालन गर्ने
- ❖ कृषि तथा पशुपंक्षी जैविक विविधता तथा वालि संरक्षण र प्रवर्द्धन कार्यक्रम संचालन गर्ने
- ❖ जलवायु परिवर्तन उत्थानशिल कृषि विकास कार्यक्रम संचालन गर्ने
- ❖ कृषि र उद्योगलाई जोड्ने कार्यक्रमहरु निर्यात प्रवर्द्धन कार्यक्रमहरुकिसान सुचिकरण अभियानलाई तिब्रता प्रदान गर्ने कार्यक्रम लागु गर्ने
- ❖ कृषि तथा पशुपंक्षी वजार संचालन विकास र वजार प्रवर्द्धन कार्यक्रमहरु लागु गर्ने
- ❖ पशुपंक्षी तथा मत्स्य जन्य रोग नियन्त्रण कार्यक्रमहरु संचालन गर्ने
- ❖ खाद्य तथा पोषण सुरक्षा अभिवृदि तथा गाँउ शहर पशुजन्य पदार्थ साँझेदारी कार्यक्रम लागु गर्ने
- ❖ निर्माण भएका कृषि पूर्वाधाको उपयोग कार्यक्रम संचालन गर्ने
- ❖ सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारी कार्यक्रम लागु गर्ने
- ❖ विगतमा संचालित विभिन्न आयोजनाहरुका कार्यक्रम/उप आयोजनाहरुको नियमित अनुगमन तथा मूल्यांकन गर्ने
- ❖ राहातका कार्यक्रम लागु गर्ने
- ❖ जनशक्ति व्यवस्थापन कार्यक्रम संचालन गर्ने
- ❖ कृषि हानिकारक वन्यजन्तुको नियन्त्रण तथा रोकथाम कार्यक्रमहरु संचालन गर्ने

७. कृषि तथा पशुपन्छी पालन समूह तथा सहकारीहरुलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिने छ । साथै सहकारी संस्थाहरु मार्फत गैरसरकारी संघसंस्थाहरुले साझेदारी गरी सञ्चालन गरिदै आएको घुम्ती कोष सञ्चालन कार्यक्रमलाई कार्यविधि बनाई थप व्यवस्थित गरी प्रभावकारी बनाइने छ ।

८. आयमा आधारित नगदेबाली तथा पशुपन्छी पालन कार्यक्रमलाई विशेष प्रोत्साहन दिइने छ, जस अर्न्तगत मसला खेती फलफूल खेती दलहन, तेलहन खेती स्थानीय जातको कुखुरापालन भैसीपालन एवं घाँस उत्पादनलाई विशेष प्राथामिकता दिइने छ ।

